अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

अरुण गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ०५ संख्या : ०१ मितिः२०७८/०८/२०

## भाग-२
## अरुण गाउँपालिका

# अरुण गाउँपालिकाको सडक हेरालु व्यवस्थापन कार्यविधि - २०७८

आज्ञाले,

विनोद कुमार भण्डारी

प्रमुख प्रशासकीय अधिकृत

# अरुण गाउँपालिकाको सडक हेरालु व्यवस्थापन कार्यविधि – २०७८

गाउँकार्यपालिकाको बैठकबाट पाररत भएको मिति : २०७८/०७/२९

प्रमाणिकरण भएको मिति : २०७८।८।२०

प्रस्तावना :

अरुण गाउँपालिका अन्तर्गतका रहेका विभिन्न सडकहरुको मर्मत सम्भार गरी दिगो रुपमा यातायत संचालन गर्नका यस गाउँपालिकाका विभिन्न वडाहरु भित्र रहेका महत्पूर्ण सडकहरुलाई १२ महिना संचालन गर्नु पर्ने र सो का लागि सडक हेरालु राख्दा मर्मत संभार खर्चमा समेत काम लाग्ने भएको हुँदा र सो का लागि वडा समितिबाट बजेट समेत विनियोजन भएकाले उक्त कार्यलाई व्यवस्थित, मर्यादित र नियम संगत वनाउनका लागि वान्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँ कार्यपालिकाको मिति २०७८/०७/२९ गतेको बैठकले यो कार्यविधि पारित गरी जारी गरेको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

**१) विषय र प्रसंगले अर्को अर्थ नलागेमा**

क. यस कार्यविधिको नाम : अरुण गाउँपालिकाको "सडक हेरालु व्यवस्थापन कार्यविधि २०७८" रहने छ ।

ख. "अध्यक्ष" भन्नाले अरुण गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

ग. "उपाध्यक्ष" भन्नाले अरुण गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

घ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अरुण गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

ङ. "वडाध्यक्ष" भन्नाले अरुण गाउँपालिका अन्तर्गतका वडा अध्यक्ष सम्झनु पर्दछ।

च. "हेरालु" भन्नाले अरुण गाउँपालिका अन्तर्गत रहेका विभिन्न सडक मर्मत सम्भार गर्न खटिएका कर्मचारी सम्झनु पर्दछ ।

छ. "छनौट समिति" भन्नाले हेरालु छनौट समिति सम्झनु पर्दछ ।

ज. "सडक" भन्नाले अरुण गाउँपालिका अन्तर्गतका राष्ट्रिय राजमार्ग बाहेकका वडा स्थित विभिन्न सडकहरु सम्झनु पर्दछ ।

झ. "पोशाक" भन्नाले हेरालुले लगाउने निश्चित प्रकारको पोशाक सम्झनु पर्दछ ।

ञ. "औजार" भन्नाले हेरालुले सडक मर्मतका लागि प्रयोग गर्ने औजार सम्झनु पर्दछ ।

ट. "अनुगमन समिति" भन्नाले हेरालुद्वारा मर्मत सम्भार भएका सडक अनुगमन गर्ने समिति सम्झनु पर्दछ।

**२) कार्यक्षेत्र**

क. हेरालुहरुको कार्यक्षेत्र यस अरुण गाउँपालिका अन्तर्गत रहेका सडक क्षेत्रहरु हुनेछ ।

ख. गाउँपालिका तथा वडाले तोकिएको सडकमा हेरालु खटाउन सकिनेछ ।

ग. उप दफा (२) बमोजिम सडक हेरालु खटाउदा अध्यक्ष, उपाध्यक्ष, सम्बन्धित वडाध्यक्ष र प्रमुख

प्रशासकीय अधिकृतले समन्वय गरी आवश्यकता अनुसार खटाउन सक्नेछ ।

### ३) कार्य प्रगति

सडक हेरालुहरुको कार्य प्रकृति देहाय बमोजिम हुनेछः

- सडक मर्मत सम्बन्धी कार्यहरु ।
- सडकमा पर्ने खाल्डाहरु पुर्ने, सुख्खा ढुंगा ओछ्याउने, भत्केका किनारा मिलाउने कार्य ।
- सडकलाई टेवा दिने पर्खाल लगाउने, धाँजाहरु पुर्ने, कटान मर्मत गर्ने ।
- सडकको साना साना पहिरो र ढुंगा हटाउने, पानीले खोलेको प्वाल टाल्ने ।
- नाली मर्मत तथा अन्य क्षतिको मर्मत, पुलेसा मर्मत, कजवे मर्मत र सफा गर्ने, झारपात सफा गर्ने, ट्राफिक संकेत सफा र मर्मत गर्ने, तथा नाली नभएको स्थानमा पानी निकासाको लागि अस्थायी नाली बनाउने ।
- सडक सरसफाइ गर्ने ।
- सडकमा पानी जमेको अवस्थामा अनिवार्य रुपमा यथाशिघ्र सो जमेको पानी निकास गर्ने ।
- पहिरो सम्भावित सडक क्षेत्रमा दायाँ वायाँ वृक्षरोपण गर्ने ।
- आवश्यकता अनुसार अन्य कार्य गर्ने ।

### ४) सडक हेरालु छनौट समिति

हेरालु छनौटका लागि देहाय बमोजिम ४ सदस्यीय एक छनौट समिति रहनेछ :

- अध्यक्ष – संयोजक
- प्रमुख प्रशासकीय अधिकृत – सदस्य
- सडक रहेको वडाको वडाध्यक्ष – सदस्य
- अध्यक्षले तोकेको सम्बन्धित क्षेत्रको विषय विज्ञ एक जना - सदस्य
- पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा प्रमुख – सदस्य सचिव

### ५) सडक हेरालु अनुगमन समिति

सडक हेरालुले आ-आफ्नो दायित्व अनुसार काम गरे नगरेको अनुगमन गर्न देहायको समिति गठन गरिएको छ।

- उपाध्यक्ष – संयोजक
- प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरको एक जना कर्मचारी – सदस्य
- सडक रहेको वडाको वडासदस्य – सदस्य
- योजना शाखा प्रमुख – सदस्य सचिव

### ६) छनौट प्रकृया

सडकको मर्मत सम्भार गर्ने सडक हेरालु छनौट प्रक्रिया देहाय बमोजिम हुनेछ ।

क. सडक हेरालुका लागि उपयुक्त उमेद्वारको छनौट गर्न विज्ञापन खुलाउनु पर्नेछ ।

ख. तोकिएको समयमा रितपुर्वक पेश भएको दरखास्तहरु दर्ता गरी सम्पर्क मिति तोकिने छ ।

गाउँपालिका

ग. तोकिएको मितिमा अन्तवार्ताको माध्यमबाट छनौट गरिनेछ ।

घ. हेरालु छनौट प्रक्रिया देहायको योग्यताको परिधिभित्र रही गर्नुपर्ने छ ।

- सम्बन्धित सडक नजिक रहेको,
- उमेर १८ वर्ष पुरा भई ५९ वर्ष ननाघेको,
- आर्थिक अवस्था कमजोर रहेको,
- काम प्रतिको जिम्मेवारी जावफदेहीता वहन गर्ने,
- स्वास्थ्य विमा अनिवार्य गरेको हुनुपर्ने ।
- अनुभवी तथा सडक सम्बन्धी काम गर्न जानेको व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

ङ. छनौट समितिबाट सिफारिश भएका हेरालु उमेद्वारहरुलाई करार सम्झौता तथा नियुक्ति गाउँ कार्यपालिकाको कार्यालयले दिनेछ । सिफारिस भएको उमेद्वारहरुको करार सम्झौता ६ महिना सम्मका लागि मात्र हुनेछ । ६ महिना पछि निजको काम सन्तोषजनक देखिएमा, कार्यक्रम रहने अवस्था भएमा अनुगमन समितिको सिफारिसमा छनौट समितिले पुन म्याद थप गर्ने निर्णय गरी पठाएमा निजको ६ महिना सम्मका लागि पुनः म्याद थप गर्न सकिनेछ।

**७) हेरालुको दैनिक कार्य समय**

क. हेरालुको कार्य समय देहाय बमोजिम हुनेछ :

- दिनमा ५ घण्टा तोकिएको सडकमा मर्मत सम्भार गर्नुपर्नेछ ।
  तर भैपरी आएमा वा सडकमा कुनै कारणले सवारी आवागमन ठप्प भएको अवस्थामा हेरालुवाट मर्मत गर्न सक्ने अवस्था भएमा अतिरिक्त समय समेत काम गर्नुपर्नेछ ।
- सडक हेरालुले हेर्नु पर्ने सडक क्षेत्र छनौट समितिले तोक्नेछ।

**८) सेवा सुविधा**

क. सडक हेरालुको सेवा सुविधा छनौट समितिले तोक्नेछ।

ख. हेरालुलाई चाहिने आवश्यक सामग्री, पोशाक र औजार गाउँपालिका तथा वडा कार्यालयले उपलव्ध गराउने छ ।

ग. सडक हेरालुहरुको खाइपाइ आएको सेवा सुविधा भुक्तानी गर्दा वैंक मार्फत गर्नुपर्ने छ ।

घ. प्रविधिकले कामको सिफारिश गरेको आधारमा मात्र महिना भुक्तान भएपछि सेवा सुविधा उपलव्ध गराइने छ।

**९) विविध**

यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा थप व्याख्या वा व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी गाउँपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ । यो कार्यविधि निर्माण गर्नु भन्दा अगाडि देखि कार्यरत सडक हेरालु यसै कार्यविधि वमोजिम भएको मानिने छ।

आज्ञाले,
विनोद कुमार भण्डारी.
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका कार्यपालिकाको कार्यालय ... भोजपुर ... प्रदेश नेपाल